# एम्बुलेन्स सेवा सञ्चालन निर्देशिका, २०७७

**कार्यपालिकाबाट स्वीकृत मितिः- २०७७।०८।०९**

**प्रमुख प्रशासकीय अधिकृतबाट प्रमाणित मितिः- २०७७।०६।११**

**संबत २०७७ सालको निर्देशिका संख्याः – ०१**

**प्रथम पटक परिमार्जित मितिः- २०७७।११।०८**

**सिदिङ्वा गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**साब्लाखु, ताप्लेजुङ**

**१ नं. प्रदेश, नेपाल**

# एम्बुलेन्स सेवा सञ्चालन निर्देशिका, २०७७

प्रस्तावनाः सिदिङ्वा गाउँपालिकाले आ.ब. २०७७।०७८ मा स्वास्थ्य क्षेत्रमा लिएको नीति अन्तर्गत "गाउँपालिकाका कोहि पनि नागरिकहरु अकालमा ज्यान गुमाउने अवस्था हुन नदिन एम्बुलेन्सको ब्यबस्था गरिनेछ" भन्ने नीतिलाई पुर्ण रुपमा कार्यान्वयन गर्न भौगोलिक बिकटता, सुविधासम्पन्न स्वास्थ्य सेवाको अभाब, कमजोर आर्थिक अवस्थाको कारण खासगरी गर्भवती, सुत्केरी, अपांग, एकल महिला, बृद्ध, बृद्धा वा कुनै पनि नागरिकको अकालमै ज्यान गुमाउने अवस्था आउन नदिन नागरिकलाई एम्बुलेन्स मार्फत सुविधासम्पन्न अस्पतालमा लगी उपचार गराई निजको स्वास्थ्य अवस्थामा सुधार ल्याउने अवस्था सिर्जना गर्नको लागी एम्बुलेन्सको ब्यबस्था गरी उक्त एम्बुलेन्सको सेवा संचालनलाई पारदर्शी, सरल, भरपर्दो र व्यवस्थित गर्न तथा एम्बुलेन्स सेवामा जनताको पहुँच बढाई सेवाको गुणस्तर वृद्धि गर्न वाञ्छनिय भएकोले,

सिदिङ्वा गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७७ को दफा ४ बमोजिम, सिदिङ्वा गाउँकार्यपालिकाले देहायको निर्देशिका जारी गरेको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ:**

(क)यो निर्देशिकाको नाम “एम्बुलेन्स सेवा सञ्चालन निर्देशिका, २०७७” रहेको छ।

(ख)यो निर्देशिका गाउँ कार्यपालिकाले स्वीकृत गरेको मितिबाट प्रारम्भ हुनेछ।

**२. परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा:-

(क) “एम्बुलेन्स” भन्नाले बिरामी ओसार्ने स्विकृति प्राप्त गरेको वहान सम्झनु पर्छ र सो शब्दले एम्बुलेन्समा जडित उपकरण, चालक र परिचारिका समेतलाई जनाउँछ।

(ख) “एम्बुलेन्स जनशक्ति” भन्नाले एम्बुलेन्समा उपस्थित रहने स्वास्थ्यकर्मी र चालक सम्झनु पर्छ।

(ग) “चालक” भन्नाले एम्बुलेन्स चलाउने चालक सम्झनुपर्छ।

(घ) “गाउँपालिका” भन्नाले सिदिङ्वा गाउँपालिकालाई सम्झनु पर्छ।

(ङ) “सेवा शुल्क” भन्नाले एम्बुलेन्स प्रयोग गरे बापत सेवाग्राहीले बुझाउनु पर्नेगरी समितिले तोकेको शुल्क सम्झनु पर्छ।

(च) “समिति” भन्नाले दफा ३ बमोजिम गठित एम्बुलेन्स सेवा व्यवस्थापन तथा अनुगमन समिति सम्झनु पर्छ।

(छ) "पदपुर्ति समिति" भन्नाले दफा ६ को उपदफा ३ बमोजिम गठित समितिलाई सम्झनु पर्छ।

(ज) “सेवा” भन्नाले एम्बुलेन्सले बिरामीलाई दिने सम्पुर्ण सेवा सम्झनु पर्छ।

**३. एम्बुलेन्स सेवा व्यवस्थापन तथा अनुगमन समिति:** (१) एम्बुलेन्स सेवा सञ्चालनको व्यवस्थापन, अनुगमन तथा रेखदेख गर्न देहायको पदाधिकारीहरु रहेको एक "एम्बुलेन्स सेवा व्यवस्थापन तथा अनुगमन समिति" रहनेछ।

| | | |
|---|---|---|
| (क)गाउँपालिका अध्यक्ष | - | संयोजक |
| (ख)गाउँपालिका उपाध्यक्ष | - | सदस्य |
| (ग) प्रमुख प्रशासकीय अधिकृत | - | सदस्य |

| | | |
|---|---|---|
| (घ) सामाजिक बिकास समितिको संयोजक | - | सदस्य |
| (ङ) कार्यपालिकाले तोकेको कार्यपालिकाको १ जना महिला सदस्य | - | सदस्य |
| (च) प्रतिनिधि, गाउँ रेडक्रस सोसाईटी, सिदिङ्वा | - | सदस्य |
| (छ) साब्लाखु स्वास्थ्य संस्था (अस्पताल) प्रमुख | - | सदस्य |
| (ज) स्थानीय प्रहरी चौकी प्रमुख | - | सदस्य |
| (झ) गाउँपालिकाको स्वास्थ्य शाखा प्रमुख | - | सदस्य - सचिव |

(२) समितिको कुल सदस्य सङ्ख्या मध्ये एकाउन्न प्रतिशत सदस्य उपस्थित भएमा बैठक बस्नको लागी गणपुरक सङ्ख्या पुगेको मानिनेछ।

(३) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ। समितिको बैठक भत्ता गाउँ कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ।

(४) समितिको बैठक सम्बन्धी अन्य व्यवस्था र कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुनेछ।

**४. समितिको काम, कर्तव्य र अधिकार:**

(१) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) एम्बुलेन्स सेवा पारदर्शी, सरल, भरपर्दो र व्यवस्थित रुपमा सञ्चालन गरे, नगरेको अनुगमन गर्ने।

(ख) चालकले पालना गर्नुपर्ने आचारसंहिता लागू गराउने। यस निर्देशिका अनुसारको आचारसंहिता पालन नगर्ने चालकलाई चेतावनी दिने र आचारसंहिता पालना गर्न लगाउने।

(ग) एम्बुलेन्स सेवाको बारेमा कुनै गुनासो तथा उजुरी आएमा सो को सुनुवाई तथा व्यवस्थापन गर्ने।

(घ) सरोकारवाला तथा अन्य सङ्घ संस्थाहरु बिच आवश्यकता अनुसार एम्बुलेन्स सेवा बारे समिक्षा बैठक गर्ने।

(ङ) गाउँपालिकाको विशिष्टतालाई ध्यानमा राखि एम्बुलेन्स सेवा सञ्चालनको लागि आवश्यक थप मापदण्ड बनाउने।

(च) कार्यपालिकाले निर्धारण गरेको सेवा शुल्कलाई प्रत्येक दुई बर्षमा बजार भाउ, महंगीको अवस्था, इन्धनको दररेट लगायत निश्चित मापदण्डको आधारमा पुनरावलोकन गर्न कार्यपालिका समक्ष सिफारिस गर्ने।

(छ) चालकले सेवा शुल्क लिई बैंक/कोषमा दाखिला गरे नगरेको समय समयमा निरीक्षण गर्ने।

(ज) एम्बुलेन्सको सेवा शुल्क र बिरामी पक्षले गर्न हुने र नहुने कुराहरुको जानकारीमूलक सूचना गाडीको भित्री भागमा देखिने गरी राखे/नराखेको निरीक्षण गर्ने।

(झ) समितिको अन्य काम कर्तब्य अधिकार यसै निर्देशिकामा अन्यत्र तोकिए बमोजिम हुनेछ।

(२) समितिको सदस्य-सचिवले सेवा प्रवाहको स्थितिको चौमासिक विवरण गाउँ कार्यपालिकामा पेश गर्नु पर्नेछ। साथै बार्षिक अद्यावधिक विवरण प्रत्येक वर्षको श्रावणको पहिलो कार्यपालिका बैठकमा पेश गर्नु पर्नेछ।

**५. सेवा शुल्क सम्बन्धी व्यवस्था:**

(१)एम्बुलेन्स सेवा प्रयोग गरेबापत संबन्धित सेवाग्राहीले कार्यपालिकाले निर्धारण गरे बमोजिमको रकम सेवा शुल्कको रुपमा बुझाउनु पर्नेछ। तर एक पटक निर्धारण भएको भाडा दुइ बर्ष नपुगी पुनरावलोकन गर्न पाइने छैन।

(२) एम्बुलेन्स सेवा बापत उठेको रकम जम्मा गर्नको लागि गाउँपालिकाले एक अलगै कोष/खाता संचालन गर्नेछ ।

स्पष्टिकरणः- दफा ५ को उपदफा २ प्रयोजनको लागि अलगै कोष/खाता भन्नाले लक्ष्मी बैंक लिमिटेड, साब्लाखुमा गाउँपालिकाको नाममा रहेको विविध कोष खाता (ग.५.१N) खाता नं. ०९३०३०००१९५ लाई बुझाउनेछ।

(३) सेवा शुल्क बापत लिइने रकमको असुलीका लागि गाउँपालिकाले नगदी रसिद छपाई उपलब्ध गराउनेछ। नगदी रसिदको अभिलेख/नियन्त्रण खाता गाउँपालिकामा राखिने छ।

(४) सेवा दिएबापत लिइने सेवा शुल्क नगदी रसिद काटी बैंक खातामा जम्मा गर्ने जिम्मेवारी सम्बन्धित चालकको हुनेछ।

(५) कोषको रकम सामान्यतया चालकको तलब भत्ता, इन्धन, एम्बुलेन्सको मर्मत सम्भार र एम्बुलेन्समा रहने अति आवश्यक सामाग्रीको खरिदमा खर्च गरिनेछ। तर उक्त कोषमा रकम अभाव भएमा गाउँपालिकाको स्विकृत बार्षिक बजेटबाट भुक्तानी गर्न बाधा पर्ने छैन।

**६. एम्बुलेन्स चालक संबन्धि ब्यबस्था**: (१) एम्बुलेन्स सेवा संचालनका लागि गाउँपालिकाले एक जना चालक सेवा करारमा नियुक्ती गर्नेछ।

(२) चालकको योग्यता देहाय बमोजिम हुनेछ।

(क)रीत पूर्वक सवरी चालक प्रमाण पत्र लिएको

(ख) कम्तिमा एसइ वा सो सरह उर्तिर्ण गरेको

(ग) २५ वर्ष उमेर पुरा भएको

(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको

(ङ) *सवारी चालकको रुपमा न्यूनतम तिन वर्षको अनुभव प्राप्त गरेको

(च) धुम्रपान मद्यपान गर्ने बानी नभएको

(छ) आंखा, हात, खुट्टामा कुनै समस्या नभएको (मान्यता प्राप्त अस्पतालबाट प्रमाणित भएको हुनु पर्ने)

(ज) क्यान्सर, डायबिटिज, मुटु, फोक्सोको रोग जस्ता दिर्घरोग नभएको (मान्यता प्राप्त अस्पतालबाट प्रमाणित भएको हुनु पर्ने)

(झ) उच्च नैतिक चरित्र भएको

* प्रथम परिमार्जन द्वारा परिमार्जित

(ञ) *मान्यता प्राप्त सरकारी संस्थाबाट प्राथमिक उपचारको तालिम प्राप्त गरेकोलाई प्राथमिकता दिने, कुनै पनि ब्यक्तिले आवेदन नदिएमा अन्य योग्यता पुगेको ब्यक्तिबाट नियमानुसार छनोट गरी गाउँपालिकाले तालिम दिने

स्पष्टिकरणः यस उपदफा २ को बुंदा (ख) मा उल्लेखित "कम्तिमा एसइइ वा सो सरह उर्तिर्ण गरेको" भन्ने प्रावधानको सन्दर्भमा नेपाल सरकारले सवारी इजाजतपत्रको लागि एसइइ वा सो सरहको योग्यता लागु गर्नु भन्दा अगाडी जारी भएका इजाजतपत्र धनीहरुको शैक्षिकयोग्यतालाई समेत मान्यता दिने।

(३) एम्बुलेन्स चालकको नियुक्ति गर्न देहाय बमोजिमको पदपुर्ति समिति रहनेछ।

(क)प्रमुख प्रशासकीय अधिकृत - संयोजक

(ख) जिल्ला ट्राफिक प्रहरी कार्यालयको प्रतिनिधि एक जना - सदस्य

(ग) गाउँपालिकाको स्वास्थ्य शाखा प्रमुख - सदस्य

(घ) साब्लाखु प्रहरी चौकी इन्चार्ज - सदस्य

(ङ) गाउँपालिकाको कर्मचारी प्रशासन शाखा प्रमुख - सदस्य – सचिव

(४) पदपुर्ति समितिको काम कर्तब्य अधिकार तथा एम्बुलेन्स चालक नियुक्ति प्रकृया देहाय बमोजिम हुनेछ।

(क) एम्बुलेन्स चालकको नियुक्तिको लागी एक हप्ताको सूचना प्रकाशन गर्ने।

(ख) म्याद भित्र प्राप्त आवेदन मध्ये दफा ६ को उपदफा ३ बमोजिम योग्यता भएका आवेदकहरुको छोटो सूची (Short List) तयार गर्ने।

(ग) चालक नियुक्तिको लागी लिखित परीक्षा, प्रयोगात्मक परीक्षा, स्वास्थ्य जाँच तथा अन्तर्वार्ता गर्ने।

(घ) लिखित, प्रयोगात्मक, स्वास्थ्य जाँच तथा अन्तर्वार्ताको पुर्णांक, उर्तिर्णांक, समयावधि प्रचलित कानून बमोजिम पदपुर्ति समितिले आफै निर्धारण गर्नु पर्ने।

(ङ) पदपुर्ति समितिले परीक्षा गर्ने प्रयोजनको लागि आबश्यक बिषय बिशेषज्ञहरुलाई आमन्त्रित सदस्यको रुपमा बोलाउन सक्नेछ।

(५) चालकको तलब भत्ता नेपाल सरकारले संबन्धित पदको लागि निर्धारण गरे बमोजिम हुनेछ। अन्य सेवा सुविधाको संबन्धमा सेवा शुल्क बापत उठेको रकम पर्याप्त भएमा र आबश्यकताको आधारमा दफा ३ बमोजिमको समितिले निर्धारण गरे बमोजिम हुनेछ।

(६) चालकको रु २ लाख सम्मको दुर्घटना बिमा गरिनेछ। बिमाको प्रिमियम बापतको रकम यसै निर्देशिका बमोजिमको कोषबाट बेहोरिने छ।

(७) चालकले अनुसुची (१) बमोजिमको आचारसंहिताको दुई प्रतिमा हस्ताक्षर गरी एक प्रति कार्यालयलाई बुझाउनु पर्नेछ र एक प्रति आफूले राख्नु पर्नेछ।

---

* प्रथम परिमार्जनद्वारा परिमार्जित

(८) गाउँपालिकाले प्रत्येक बर्ष एम्बुलेन्स चालकको स्वास्थ्य परीक्षण गराउनेछ ।

(९) चालकले एम्बुलेन्स प्रयोगको लगबुक अनुसुची (२) बमोजिमको ढाँचामा राख्नु पर्नेछ ।

(१०) यस दफा बमोजिम नियुक्त चालकको करार नविकरण निजको कार्यसम्पादनको मुल्यांकन गरी प्रत्येक आर्थिक बर्षको शुरुवातमा गरिनेछ । स्वास्थ्य परीक्षण गर्दा समस्या हुने, आचारसंहिता पालना नगर्ने र कमजोर कार्यसम्पादन गर्ने चालकको करार नविकरण हुने छैन ।

(११) यस दफा बमोजिम नियुक्त चालकको तलब भत्ता लगायत अन्य सुविधा यसै निर्देशिकाको दफा ५ को उपदफा २ बमोजिमको कोषबाट ब्यहोरिनेछ । तर उक्त कोषमा रकम अपुग भएमा गाउँपालिकाको स्विकृत बार्षिक बजेटबाट भुक्तानी गर्न बाधा पर्ने छैन ।

**७. एम्बुलेन्स रहने स्थान सोको मर्मत सम्भार:**

(१) एम्बुलेन्स सिदिङ्वा गाउँपालिका वडा नं. ४ मा रहेको साब्लाखु स्वास्थ्य चौकिको हातामा रहनेछ ।

(२) एम्बुलेन्सको नियमित मर्मत सम्भार गर्ने जिम्मेवारी चालकको हुनेछ । मर्मत संभार बापतको रकम यसै निर्देशिका बमोजिमको कोषबाट बेहोरिने छ ।

**८. एम्बुलेन्स संचालन गर्ने आदेश दिने अधिकारीः**

(१) यस निर्देशिकामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि एम्बुलेन्स संचालन गर्ने आदेश दिने अधिकार गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतमा निहित हुनेछ ।

(२) सेवाग्राहीको माग अनुसार तत्कालै एम्बुलेन्सको उपलब्धता गराउनु प्रमुख प्रशासकीय अधिकृतको कर्तब्य हुनेछ ।

(३) प्रमुख प्रशासकीय अधिकृतले एम्बुलेन्स संचालन भएको स्थान, मिति, समय र उद्देश्यको बारेमा गाउँपालिका अध्यक्ष ज्यूलाई जानकारी गराउनु पर्नेछ ।

**९. विविध:** (१) एम्बुलेन्समा रहने न्युनतम सेवा सुविधा तथा औषधिको विवरण अनुसुची (३) बमोजिम हुनेछ ।

(२) एम्बुलेन्समा सवार बिरामी, बिरामीका आफन्त तथा स्वास्थ्यकर्मीको बिमाको दायित्व सेवाग्राही स्वयंको हुनेछ ।

(३) यस निर्देशिकामा आवश्यक संशोधन र हेरफेर समितिको सिफारिसमा गाउँ कार्यपालिकाले गर्न सक्नेछ ।

अनुसूची-१

(निर्देशिकाको दफा ६ को उपदफा (७) सँग सम्बन्धित)

एम्बुलेन्स चालकले पालना गर्नुपर्ने आचार संहिता

१. सिदिङ्वा गाउँपालिकाको एम्बुलेन्स सेवा सञ्चालन निर्देशिका, २०७७ लाई पुर्णत: पालना गर्नुपर्ने,

२. आफ्नो पेशागत भुमिका निर्वाह गर्ने क्रममा ईमान्दारिता र विश्वसनीयता कायम गर्दै आफ्नो पेशाको मान मर्यादामा खलल पुग्ने कुनै काम गर्न नहुने,

३. मादक पदार्थ, सुर्तिजन्य पदार्थ सेवन गरी एम्बुलेन्स चलाउनु नहुने,

४. बिरामी, कुरुवा तथा बिरामी संग संबन्धित सामान बाहेक अन्य सरसामान तथा ब्यक्ति (यात्रु) हरुलाई ओसारपसार गर्न नहुने

५. बिरामीको ओसारपसार तथा उपचार गर्ने क्रममा बिरामी तथा बिरामीको परिवारलाई सधै सम्मानपुर्वक व्यवहार गरी उच्च स्तरीय सेवा प्रदान गर्नुपर्ने,

६. आफुले लिएको निर्णयहरुमा आफ्नै व्यक्तिगत रुपमा जिम्मेवार र जवाफदेही हुनुपर्ने,

७. आफ्नो पेशागत दक्षता सुधार गर्दै लैजानुका साथै आफुमा भएका पेशागत दक्षता आफ्नो क्षेत्रका अरुलाई पनि सिकाउनु पर्ने,

८. कुनै पनि बिरामीलाई ओसारपसार गर्नु अघि उसको बारेमा पर्याप्त जानकारी लिई उपचारमा सहयोग गर्नुपर्ने,

९. बिरामीलाई बिच बाटोमा छाड्न नहुने,

१०. आफ्नो कामको सिलसिलामा पाएका कुनै पनि सूचना गोप्य राख्नुपर्ने तथा बिरामीहरुबाट पाएको जानकारी तेस्रो पक्षलाई भन्न नहुने तथा कानूनी र पेशागत दायित्व निर्वाह गर्न वा बिरामीहरुको सेवामा आवश्यक परेमा त्यस्तो सूचना बारेमा जानकारी दिन सक्ने,

११. एम्बुलेन्स सेवा व्यवस्थापनमा सहयोग गर्नु पर्ने

१२. आफुले उचित देखेको बिरामीको गुणस्तरीय सेवामा प्रभाव पार्ने राम्रा पक्षहरुको जानकारी आफ्नो सुपरिवेक्षक तथा स्वास्थ्य संस्थालाई जानकारी दिनुपर्ने,

१३. नेपाल सरकारले प्रतिवन्ध लगाएका बस्तुहरु ओसार पसार नगर्ने । प्रचलित कानूनको पालना गर्नुपर्ने ।

म ........................................ (नाम) ............................................ ठेगाना .................................... ना.प्र.प.नं. .................................................. जिल्ला, ड्राईभिङ्ग लाईसेन्स नं. ...................... ..... ले माथिको उल्लेखित आचार संहिता अध्ययन गरेको छु । ............................................ जिल्ला ...................................................... संस्थाको एम्बुलेन्स चलाउदा मैले यो आचार संहिता पुर्ण रुपमा पालना गर्न सहमति जनाई सही छाप गरेको छु ।

| | |
|---|---|
| चालकको : | रोहवरमा प्रमाणित गर्ने व्यक्तिको: |
| दस्तखत: | दस्तखत: |
| मिति: | मिति: |
| नाम/पद: | संस्थाको छापः |

अनुसुची - २

निर्देशिकाको दफा ६ को उपदफा (९) संग सम्बन्धित

एम्बुलेन्स संचालनको लगबुक

सवारी नं. सवारी चालकको नामः-

| क्र. सं. | मिति | ठाउँ | | दुरी (कि.मि.) | | जम्मा दुरी | सेवा शुल्क रु. | इन्धन | बिरामीको नाम | कुरुवाको नाम | ठेगाना | बिरामीको प्रकृति | कुरुवाको हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | देखि | सम्म | शुरु | अन्तिम | | | डिजेल | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |

अनुसुची ३

(निर्देशिकाको दफा ८ को उपदफा (१) सँग सम्बन्धित)

"ग" वर्गको (**Common Life Support (CLS)**) एम्बुलेन्समा हुनुपर्ने औषधी र उपकरणको विवरण

- First Aid का सामानहरु,
- Oxygen Cylinder, Flow Meter / Mask जडित वा जरुरी परेमा राख्न सकिने सवारी साधन,
- IV Injection दिन सक्ने व्यवस्था,
- Stretcher Cum Board,
- Stethoscope, B.P. Apparatus, Torchlight,
- Driver With basic training in first aid and emergent medicine